# जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेडको प्रबन्धपत्र, २०६८

अर्थ मन्त्रालय
सिंहदरबार
२०६८ असार

# जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेडको

## प्रवन्धपत्र

१. **कम्पनीको नाम**: यस कम्पनीको नाम **जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेड** हुनेछ, जसलाई यसपछि कम्पनी भनी सम्बोधन गरिनेछ।

२. **कम्पनीको रजिष्टर्ड कार्यालय रहने ठेगाना** : यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौं उपत्यका भित्र रहनेछ।

३. **कम्पनीले गर्ने व्यवसाय वा कारोवारको प्रकृति** : कम्पनीले नेपालको जलविद्युत क्षेत्रको विकासका लागि आवश्यक पर्ने पूँजीको आपूर्ति गर्नका लागि दीर्घकालीन प्रकृतिका पूँजी परिचालन गर्ने र त्यसरी उपलब्ध हुने वित्तीय श्रोतलाई आर्थिक, प्राविधिक रुपले सम्भाव्य जलविद्युत परियोजनाहरुको शेयरमा लगानी तथा ऋण प्रवाह गर्ने प्रकृतिको कारोबार गर्नेछ।

४. **कम्पनीको उद्देश्यः** (१) यस कम्पनीको उद्देश्य देहाय बमोजिम हुनेछ :-

(क) जलविद्युत उत्पादन, प्रसारण तथा वितरण गर्ने परियोजनामा कम्पनीले शेयर वा ऋण लगानी गर्ने।

(ख) जलविद्युत उत्पादन, प्रसारण तथा वितरण गर्ने परियोजनाका लागि बैंक तथा वित्तीय संस्था मार्फत लगानी गर्ने।

(ग) जलविद्युत उत्पादन, प्रसारण तथा वितरण गर्ने परियोजनामा वित्तीय लगानी गर्ने प्रयोजनका लागि विदेशी संस्थाबाट ऋण तथा अनुदान प्राप्त गर्ने।

(घ) कम्पनीले आफ्नो नामबाट बण्ड, डिवेञ्चर लगायतका ऋणपत्रहरु तथा सर्टिफिकेट अफ डिपोजिटजस्ता वित्तीय उपकरणहरु जारी गरी दीर्घकालीन प्रकृतिको पूँजी परिचालन गर्ने।

(ङ) जलविद्युत परियोजनाले जारी गर्ने बण्ड, डिबेञ्चरजस्ता ऋणपत्रमा कम्पनीले लगानी गर्ने।

(च) जलविद्युत परियोजनाहरुको प्राविधिक मूल्यांकनको लागि प्राविधिक जनशक्तिको सीप र दक्षता अभिवृद्धि गर्नेछ।[१]

(२) कम्पनीले उपदफा (१) बमोजिमको उद्देश्य कार्यान्वयन गर्न प्रचलित कानून बमोजिम सम्बन्धित निकायबाट अनुमति वा इजाजत प्राप्त गर्नु पर्ने भएमा सो प्राप्त भएपछि मात्र आफ्नो कारोबार प्रारम्भ गर्नेछ।

(३) उपदफा (१) मा उल्लिखित उद्देश्यका सम्बन्धमा अनुमति वा इजाजत प्राप्त गरेको पन्ध्र दिनभित्र त्यस्तो अनुमति वा इजाजतपत्रको प्रतिलिपि कम्पनी रजिष्ट्रारको कार्यालय (यसपछि कार्यालय भनिएको)मा पेश गरिनेछ।

५. **कम्पनीको उद्देश्य प्राप्त गर्न गरिने कामहरुः** यस कम्पनीले दफा ४ बमोजिमका उद्देश्य प्राप्त गर्न देहायका कामहरु गर्न सक्नेछ :-

(क) कम्पनीलाई आवश्यक पर्ने जग्गा, भवन, सवारी साधन र आवश्यक उपकरण खरिद गर्ने वा भाडामा लिई प्रयोग गर्ने।

(ख) कम्पनीलाई आवश्यक पर्ने कर्मचारी नियुक्त गर्ने तथा तिनको सेवाका शर्तहरु निर्धारण गर्ने।

(ग) कम्पनीको नाममा बैंकमा खाता खोल्ने र सञ्चालन गर्ने।

(घ) कम्पनीलाई आवश्यक पर्ने रकम बैंक वा कुनै वित्तीय संस्थाबाट कम्पनीले धितो राखी वा नराखी ऋण लिने।

---

[१] पहिलो संशोधन, २०६८ बाट थप गरिएको।

(ङ) कम्पनीको नामबाट शेयर, डिवेन्चर वा वण्ड वा ऋणपत्र खरिद गर्ने र त्यसलाई विक्री गर्ने ।[२]

(च) कम्पनीले आर्थिक एवं प्राविधक रुपले सम्भाव्य जलविद्युत उत्पादन, प्रसारण र वितरणको निम्ति वित्तीय साधन लगानीका लागि कम्पनीसमक्ष पेश हुन आउने विस्तृत परियोजना अध्ययन प्रतिवेदन विश्लेषण गरी उपयुक्तताको आधारमा त्यस्तो परियोजनामा लगानी गर्ने ।

(छ) कम्पनीले आफूलाई आवश्यक पर्ने वित्तीय श्रोत जुटाउने क्रममा प्रचलित कानूनको रित पु¥याई कम्पनीको नामबाट बण्ड, डिवेञ्चर तथा ऋणपत्र जारी गर्ने ।

(ज) कम्पनीले आफूलाई आवश्यक पर्ने वित्तीय श्रोत जुटाउने क्रममा प्रचलित कानूनको रित पु¥याई गैर-आवासीय नेपाली, विदेशी वित्तीय संस्था, विदेशी संस्थाहरुबाट विदेशी मुद्रामा ऋण सापटी तथा अनुदान प्राप्त गर्ने ।

(झ) कम्पनीले स्वदेशी वा विदेशी सङ्गठीत संस्थाहरुसंगको संयुक्त लगानीमा जलविद्युत परियोजनामा संस्थापक शेयरधनीको रुपमा लगानी गर्ने ।

(ञ) नेपाली नागरिक तथा गैर आवासीय नेपालीबाट कम्तीमा १० लाख रुपैयाका दरले तथा विदेशी वा स्वदेशी संगठित संस्थाबाट कम्तीमा नेपाली रुपैया १ करोडका दरले ५ वर्ष वा सो भन्दा बढी अवधिको लागि सर्टिफिकेट अफ डिपोजिट जारी गरी वा अन्य कुनै किसिमको ऋणपत्र वा वण्ड वा डिवेन्चर जारी गरी दीर्घकालिन श्रोत परिचालन गर्ने ।[३]

(ट) कम्पनीले नेपाल राष्ट्र बैंकबाट स्वीकृति प्राप्त गरी जलविद्युत परियोजनामा प्रत्यक्ष वा कुनै बैंक वा वित्तीय संस्था मार्फत अप्रत्यक्ष रुपमा ऋण प्रवाह गर्ने ।

(ठ) जलविद्युत परियोजनाको प्रवर्द्धनका लागि नेपाल सरकार वा अन्य स्वदेशी वा विदेशी निकायबाट प्राप्त भएको रकम ऋणको रुपमा प्रवाह गर्ने वा ऋण व्यवस्थापन गर्ने ।

(ड) कम्पनीले आवश्यकता महसुस गरेमा कम्पनीको हितको निम्ति केही समयको लागि आफ्नो व्यवस्थापनको केही वा सबै महत्वपूर्ण कामको जिम्मा कुनै व्यवस्थापन समूहलाई दिन सक्नेछ ।

(ढ) कम्पनीले आफ्नो काममध्ये कुनै काम सम्पन्न गर्न व्यक्तिगत वा समूहगत परामर्शदाता नियुक्त गरी काम लगाउन सक्नेछ ।

(ण) प्रचलित कानूनको अधिनमा रही प्रबन्धपत्रमा संशोधन गरी संस्थाको उद्देश्य प्राप्त गर्नका लागि गर्नु पर्ने अन्य आवश्यक कार्यहरु गर्ने ।

६. **कम्पनीको पूँजीको संरचना** : कम्पनीको पूँजीको संरचना देहाय बमोजिम हुनेछ :-

(क) कम्पनीको अधिकृत पूँजी रु. ५०,००,००,००,०००।- (अक्षरेपी पचास अर्ब रुपैया) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रु. १,०००।- (अक्षरेपी एकहजार रुपैया) दरका ५,००,००,००० (पाँचकरोड) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

(ख) कम्पनीको तत्काल जारी शेयर पूँजी रु १०,००,००,००,०००।- (अक्षरेपी दस अर्ब रुपैया) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रु. १,०००।- (अक्षरेपी एकहजार रुपैया) दरका १,००,००,००० (एककरोड) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

(ग) कम्पनीका संस्थापकहरुले तत्काल चुक्ता गर्न कबूल गरेको पूँजी रु. ८,००,००,००,०००।- (अक्षरेपी आठ अर्ब रुपैया) हुनेछ ।

[२] पहिलो संशोधन, २०६८ बाट संशोधन गरिएको ।

[३] पहिलो संशोधन, २०६८ बाट संशोधन गरिएको ।

(घ) संस्थापक शेयरधनीहरुलाई समूह "क" मा वर्गीकरण गरिएको छ र यो समूहको शेयर स्वामित्व ८० प्रतिशत हुनेछ। यो समूहलाई देहाय बमोजिम २ वटा उपसमूहमा विभाजन गरिएको छ :

**उपसमूह क-१**

| क्र.सं. | संस्थापकको नाम | लिन कबूल गरेको शेयर संख्या (कित्ता) |
|---|---|---|
| १. | नेपाल सरकार, अर्थ मन्त्रालय | २०००००० |
| २. | नेपाल सरकार, उर्जा मन्त्रालय | १०००००० |
| ३. | नेपाल सरकार, कानून मन्त्रालय | १०००००० |
| ४. | नेपाल सरकार, महालेखा नियन्त्रकको कार्यालय | १०००००० |
| | **उपसमूह क-२** | |
| ५. | कर्मचारी सञ्चयकोष | १०००००० |
| ६. | राष्ट्रिय बीमा संस्थान | १०००००० |
| ७. | नागरिक लगानीकोष | १०००००० |

(ङ) सर्वसाधारणमा बिक्री गरिने शेयर खरिद गर्ने शेयरधनीलाई समूह "ख" मा वर्गीकरण गरिएको छ। यो समूहको शेयर स्वामित्व कम्पनीको जारी पूँजीको बीसप्रतिशत हुनेछ।

(च) जुन समूह, उपसमूहको शेयर खरिद गरेको हो, सो खरिद गर्ने व्यक्ति/संस्था/निकायलाई सोही समूह, उपसमूहमा राखिनेछ।

(छ) प्रचलित कानूनको अधीनमा रही कम्पनीले आफ्नो पूँजी तथा स्वामित्वको संरचनामा हेरफेर गर्न सक्नेछ।

७. **कम्पनीको शेयरको किसिम:** कम्पनीले दुई किसिमको शेयरको व्यवस्था गरेको छ।[४]

(क) साधारण शेयर

(ख) अग्राधिकार शेयर

८. **शेयर खरिद वा हस्तान्तरण गर्न कुनै बन्देज रहेको भए सो कुरा :**

(क) कम्पनीले कारोबार प्रारम्भ गरेको मितिले पाँचवर्षसम्म कम्पनीको शेयर बेचविखन गर्न वा धितोबन्धक राख्न पाइने छैन्।

तर, प्रचलित कानूनको रित पुऱ्याई विद्यमान शेयर संरचनामा परिवर्तन गरी नयाँ संस्थापक थप गर्न यस व्यवस्थाले बाधा पार्ने छैन।

(ख) नेपाल सरकारको स्वामित्वमा रहेको शेयर नेपाल सरकार मन्त्रिपरिषद्को स्वीकृति बेगर बेचविखन तथा हक हस्तान्तरण गर्न पाइने छैन्।

(ग) शेयर हस्तान्तरण सम्बन्धी अन्य कुराहरु प्रचलित कानूनमा तोकिए बमोजिम हुनेछ।

९. **शेयर वापतको रकमको भुक्तानी :** (१) कम्पनीले आफ्नो आवश्यकतानुसार सञ्चालक समितिको बैठकबाट निर्णय गरी शेयर वापतको रकम आंशिक वा पूर्ण रुपले भुक्तानी माग गर्न सक्नेछ।

(२) शेयर वापत कम्पनीले माग गरेका रकमहरु निर्धारित समयमा शेयरधनीले बुझाउनु पर्नेछ।

[४] पहिलो संशोधन, २०६८ बाट संशोधन गरिएको।

(३) शेयर वापतको रकम माग गर्ने, माग गरेको रकम निर्धारित समयावधिभित्र बुझाउने, भुक्तानीको म्याद थप माग गर्ने तथा कम्पनीले म्याद दिने जस्ता कुराहरुको व्यवस्था नियमावलीमा उल्लेख भए बमोजिम हुनेछ।

१०. **दायित्व सीमित हुने** : यस कम्पनीको कारोबारको सम्बन्धमा शेयरधनीको दायित्व निजले खरिद गरेको वा खरीद गर्न कबुल गरेको शेयरको अंकित मूल्यसम्म मात्र सीमित रहनेछ।

तर कुनै शेयरधनी वा सञ्चालकले सो हैसियतमा तेस्रो पक्षसँग गरेको व्यक्तिगत जमानत सम्बन्धी सम्झौता बमोजिमको दायित्वको हकमा यो व्यवस्था लागू हुने छैन।

११. **अन्य आवश्यक कुराहरु** : (१) कम्पनीको संस्थापना गर्दा लागेको खर्च कम्पनीले नै व्यहोर्ने छ।

(२) संस्थापक वा अन्य कुनै व्यक्तिले शेयरको रकम कम्पनीको बैंक खातामा जम्मा गर्नु पर्नेछ।

(३) कम्पनीले कारोवार शुरु गर्दाको बखतमा संस्थापक वा अन्य कुनै व्यक्तिबाट कुनै सम्पत्ति प्राप्त गरेको छैन्।

(४) संस्थापक वा अन्य कुनै व्यक्तिले कम्पनीबाट कुनै विशेष सहुलियत वा अधिकार पाउने छैन्।

(५) कम्पनीले प्रचलित कानूनले बन्देज लगाएका कार्यहरू गर्न पाउने छैन।

(६) यस प्रबन्धपत्रमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि कम्पनीले कम्तीमा २५ मेगावाट भन्दा बढिका मझौला तथा ठूला जलविद्युत परियोजनामा मात्र संस्थापक शेयरधनीका रुपमा लगानी तथा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा ऋण प्रदान गर्नेछ।

तर कुनै बैंक वा बैंकहरुको समूहले लगानी गरिरहेका १० मेगावाट वा सो भन्दा बढीका आयोजनाहरुमा बैंकहरु मार्फत सम्बन्धित बैंकको दायित्वमा कम्पनीबाट ऋण लगानी गर्न वाधा पर्ने छैन।[५]

१२. **कम्पनीको प्रकृति अनुरुप अन्य थप व्यवस्था :** (१) मुलुकमा विद्यमान विद्युत संकटको दीर्घकालीन रुपमा समाधान खोज्ने रणनीति अन्तर्गत विशेष उद्देश्य सहित संस्थापित यो कम्पनीको पूँजीगत संरचना अन्य सङ्गठीत संस्थाको भन्दा बढी हुने र ठूलो पूँजीमा तत्काल अन्य बैंक संस्थापना भै हाल्ने सम्भावना नभएको हुँदा नेपाल सरकार र यसका निकायहरुको स्वामित्व रहने गरी यो कम्पनीको संस्थापना गरिएको छ।

(२) यो कम्पनीले जलविद्युत परियोजनामा मात्र लगानी गर्ने गरी नेपाली नागरिक, गैरआवासीय नेपाली, स्वदेशी/विदेशी संस्थाले खरीद गर्न पाउने गरी सर्टिफिकेट अफ डिपोजिट जारी गर्ने र जलविद्युत परियोजनामा ऋण प्रवाह गर्नका लागि उक्त कार्य प्रारम्भ गर्नु अघि नेपाल राष्ट्र बैंकबाट पूर्व स्वीकृति लिनेछ। तर, प्रबन्धपत्रको दफा ५ मा उल्लेख गरिएका नेपाल राष्ट्र बैंकबाट स्वीकृति लिनुपर्ने कार्य बाहेक अन्य कार्य प्रारम्भ गर्ने गरी कम्पनी संस्थापना गर्नु अघि नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृति लिन अनिवार्य हुने छैन।

(३) यो कम्पनी विशेष उद्देश्य प्राप्तिको लागि संस्थापना भएको हुँदा यसलाई उच्च दक्षतापूर्वक सञ्चालन गरिने छ। यस प्रयोजनका लागि यसको सञ्चालनमा उच्च सदाचारयुक्त पद्धति (हाइ इन्टिग्रिटी सिस्टम) अपनाइनेछ। यसको सञ्चालनमा प्रत्यक्ष वा अप्रत्यक्ष कुनै पनि किसिमको अप्राकृतिक तथा गैर कानूनी दबाव सह्य हुनेछैन्।

(४) उपदफा (३) को उद्देश्य पूर्ति गर्ने प्रयोजनका लागि यसै प्रबन्धपत्रको अभिन्न अङ्ग हुने गरी कम्पनी सञ्चालनका नीतिगत आधारहरु तयार गरिएको छ। जसलाई यसको अनुसूचीमा समावेश गरिएको छ।

(५) कम्पनीको दैनिक कारोबार संचालनको प्रमुख जिम्मेवारी प्रमुख कार्यकारी अधिकृतको हुनेछ। कार्यकारी प्रमुख र निजभन्दा ठिक एकतहमुनिको कर्मचारी गरी दुवैको छनौट तथा नियुक्ती गर्दा एकजना कम्तीमा बैंकिङ्ग/आर्थिक/वित्तीय क्षेत्रको ख्यातिप्राप्त अनुभवी र एकजना कम्तीमा जलविद्युत क्षेत्रको ख्यातिप्राप्त अनुभवी

[५] पहिलो संशोधन, २०६८ बाट थप गरिएको।

विशेषज्ञ हुनेछन् । निजहरुको विशेष योग्यता नियमावली र कर्मचारी विनियमावली वा सम्झौतापत्रमा तोके बमोजिम हुनेछ ।

१३. **प्रबन्धपत्र संशोधन भएमा लागू हुने अवस्था** : यस प्रबन्धपत्रमा कम्पनीले कुनै संशोधन गर्नु पर्ने भएमा साधारण सभाबाट विशेष प्रस्ताव पारित गरी सो निर्णय कार्यालयमा अभिलेख भएपछि मात्र प्रबन्धपत्र संशोधन भएको मानिनेछ ।

१४. **प्रबन्धपत्र बाझिएको हदसम्म अमान्य हुने** : यस प्रवन्धपत्रमा लेखिएका कुरा कम्पनी ऐन,२०६३ वा अन्य प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः बदर हुनेछ ।

१५. **संस्थापकहरुले तत्काल लिन कबूल गरेको शेयर संख्या र उद्घोषण : हामी जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेड**का संस्थापकहरुले यो कम्पनी संस्थापना गरी प्रचलित कानून बमोजिम सञ्चालन गर्न मञ्जुर गरेका छौं । यो प्रबन्धपत्रमा उल्लेखित हाम्रो नाम, ठेगाना, हस्ताक्षर, हामीले लिन कबुल गरेको शेयर र साक्षी सम्बन्धी व्यहोरा ठीक साँचो हो । कुनै कारणले झुट्टा ठहरिन गएमा कम्पनी दर्ता पश्चात् सिर्जना हुने दायित्व व्यहोर्न हामी तयार छौं । यो प्रबन्धपत्रमा लेखिएका कुरा साँचो हो झुट्टाठहरे कानून बमोजिम सहन बुझाउन मञ्जुर छौं भनी सहिछाप गरेका छौं :

| संस्थापकको नाम, ठेगाना र सहिछाप | बाबु/पतिको नाम | नागरिकताको प्रमाणपत्र नं. र नागरिकता प्राप्त गरेको जिल्ला/विदेशी भए राहदानी नं. | लिन कवुल गरेको शेयर संख्या | साक्षीको नाम, थर, ठेगाना र सहिछाप | साक्षीको नागरिकताको प्रमाणपत्र नं. र जिल्ला |
|---|---|---|---|---|---|
| द.<br>नाम : नेपाल सरकार, अर्थ मन्त्रालयका तर्फबाट<br>ठेगानाः काठमाण्डौ जिल्ला काठमाण्डौ महानगरपालिका सिंहदरबार, वडा नं. ... व्लक नं. ......<br>फोन नं. :<br>फ्याक्स :<br>इ-मेल :<br>पो.ब.नं. :<br>दा. बा. | | | २०००००० | द.<br>नाम :<br>ठेगानाः.........................<br>जिल्ला.............................<br>नगरपालिका/ गा.वि.स.,वडा नं. ........ ब्लक नं...........<br>दा. बा. | |
| द.<br>नाम : नेपाल सरकार, उर्जा मन्त्रालयका तर्फबाट<br>ठेगानाः काठमाण्डौ जिल्ला काठमाण्डौ महानगरपालिका सिंहदरबार, वडा नं. ... व्लक नं. | | | १०००००० | द.<br>नाम :<br>ठेगानाः..........................<br>जिल्ला............................. | |

| | | | | | |
|---|---|---|---|---|---|
| ......<br>फोन नं. :<br>फ्याक्स :<br>इ-मेल :<br>पो.ब.नं. :<br>दा. बा. | | | | नगरपालिका/<br>गा.वि.स.,वडा नं.<br>........ ब्लक<br>नं...........<br><br>दा. बा. | |
| द.<br>नाम : नेपाल सरकार, कानून तथा न्याय मन्त्रालयका तर्फबाट<br>ठेगानाः काठमाण्डौ जिल्ला काठमाण्डौ महानगरपालिका सिंहदरबार, वडा नं. ... ब्लक नं. ......<br>फोन नं. :<br>फ्याक्स :<br>इ-मेल :<br>पो.ब.नं. :<br>दा. बा. | | | १०००००० | द.<br>नाम :<br>ठेगानाः.............<br>.............<br>जिल्ला............<br>....................<br>नगरपालिका/<br>गा.वि.स.,वडा नं.<br>........ ब्लक<br>नं...........<br><br>दा. बा. | |
| द.<br>नाम : नेपाल सरकार, महालेखा नियन्त्रकको कार्यालयका तर्फबाट<br>ठेगानाः काठमाण्डौ जिल्ला काठमाण्डौ महानगरपालिका अनामनगर, वडा नं. ... ब्लक नं. ......<br>फोन नं. :<br>फ्याक्स :<br>इ-मेल :<br>पो.ब.नं. :<br>दा. बा. | | | १०००००० | द.<br>नाम :<br>ठेगानाः.............<br>.............<br>जिल्ला............<br>....................<br>नगरपालिका/<br>गा.वि.स.,वडा नं.<br>........ ब्लक<br>नं...........<br><br>दा. बा. | |
| द.<br>नाम : कर्मचारी सञ्चयकोषका तर्फबाट<br>ठेगानाः ललितपुर जिल्ला ललितपुर उपमहानगरपालिका, पुल्चोक, वडा नं. ... ब्लक नं. ......<br>फोन नं. : ५०१०१२९, ५०१०१८० | | | १०००००० | द.<br>नाम :<br>ठेगानाः.............<br>.............<br>जिल्ला............<br>....................<br>नगरपालिका/<br>गा.वि.स.,वडा नं.<br>........ ब्लक | |

| | | | | | |
|---|---|---|---|---|---|
| फ्याक्स :<br>इ-मेल :<br>पो.ब.नं. :<br>दा. बा. | | | | नं..........<br><br>दा. बा. | |
| द.<br>नाम : राष्ट्रिय बीमा संस्थानका तर्फबाट<br>ठेगानाः काठमाण्डौ जिल्ला काठमाण्डौ महानगरपालिका रामशाहपथ, वडा नं. ... ब्लक नं. ......<br>फोन नं. :<br>फ्याक्स :<br>इ-मेल :<br>पो.ब.नं. :<br>दा. बा. | | | १000000 | द.<br>नाम :<br>ठेगानाः..........................<br>जिल्ला................................<br>नगरपालिका/ गा.वि.स.,वडा नं. ........ ब्लक नं..........<br><br>दा. बा. | |
| द.<br>नाम : नागरिक लगानी कोषका तर्फबाट<br>ठेगानाः काठमाण्डौ जिल्ला काठमाण्डौ महानगरपालिका पुतलीसडक, वडा नं. ... ब्लक नं. ......<br>फोन नं. : ४२२८७५९, ४२४०५९८<br>फ्याक्स : ४२४०६४५<br>इ-मेल : cit@htp.com.np<br>पो.ब.नं. : ५८२३<br><br>दा. बा. | | | १000000 | द.<br>नाम :<br>ठेगानाः..........................<br>जिल्ला................................<br>नगरपालिका/ गा.वि.स.,वडा नं. ........ ब्लक नं..........<br><br>दा. बा. | |

इति संवत् २०६८ साल असार महिना ... गते रोज .... शुभम्।

---------------